# गोकर्णेश्वर नगरपालिकाका उपमेयर शान्ति नेपालले वडा नं.५ स्थित सरकारी पर्ति जग्गामा जमुना नेपाललाई घर बनाउन स्वीकृति दिएको सम्बन्धी

## छानविन प्रतिवेदन

१. **उजुरीको संक्षिप्त व्यहोराः**

केन्द्रवाट प्राप्त उजुरीमा "गोकर्णेश्वर नगरपालिकाका उपमेयर शान्ति नेपालले वडा नं.५ स्थित सरकारी पर्ति जग्गामा जमुना नेपाललाई घर बनाउन स्वीकृति दिएको र निज स्वयँले समेत वडा नं.४ स्थित सरकारी जग्गामा घर बनाएको" भन्ने कुरा ब्यापक रुपमा जनताले उठाएकोले कारवाही गरी भनी हेलो सरकार मार्फत उजुरी प्राप्त भएको।

२. **उजुरीबाट देखिएको तथ्यगत विवरणः**

उजुरीमा औंल्याएका जमुना नेपालको नाममा रहेको जग्गा साविकमा जोरपाटी १ख कि.नं.२६ मध्ये कित्ताकाट भई कि.नं.७९५ क्षे.फ.०-३-१-० भिडाई विष्णु प्रसाद नेपालको नाउँ वदर गरी जमुना नेपालको नाममा कि.नं.१४३ क्षे.फ. २४३.३२ब.मी कायम गरी दर्ता गरेको नापी कार्यालय चावहिलवाट प्राप्त फिल्डवुकवाट देखिन्छ। जमुना नेपालको नाममा साविकमा दर्ता रहेको जोरपाटी १ख कि.नं.७९५ क्षे.फ. ०-३-१-० जग्गा भिडाई हालको नापीमा नापी टोलीवाटै मिति २०६५/२/२१ मा जोरपाटी १ सिट नं.१०२-१०२९-२५ कि.नं.१४३ क्षे.फ.२४३.००ब.मि. कायम गरी दर्ता भएको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. १२३५ मिति, २०६८/९/२८ को पत्रवाट रोक्का रहेकोमा यस कार्यालयको मि.नं.३२/०६९-४-२१ को निर्णयवाट सो कि.नं.१४३ कि.का.भै कि.नं.४९६ क्षे.फ.१४०.०० ब.मि नेपाल सरकारको नाममा गै कि.नं.४९५ क्षे.फ.१०३.३२ निजकै नाममा बाँकी रहेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रोक्का समेत फुकुवा गरिएको श्रेस्ता अभिलेखवाट देखिएको भनी मालपोत कार्यालय चावहिलको प्राप्त पत्रवाट लेखि आएको देखिन्छ। यस सम्वन्धी उक्त मिसिल मालपोत कार्यालय चावहिलको च.नं.३२७८ मिति २०७४/१०/१५ को पत्रवाट उच्च अदालत पाटनमा गएको देखिएको हुँदा पत्रको प्रतिलिपी पठाईएको भनी समेत पत्रवाट लेखी आएको हुँदा यसैसाथ संलग्न रहेको छ।

यस सम्वन्धमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी परी कारवाही भएकोमा आयोगको च.नं.१२३५ मिति २०६८/९/२८ को पत्रानुसार रोक्का रहेको उक्त कि.नं.१४३ लाई फुकुवा गर्न मालपोत कार्यालय चावहिलमा लेखि पठाउने र सरकारी पर्ति जग्गामा रहेको व्यक्तिको भोग हटाई सार्वजनिक पर्ति कायम गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौ र जोरपाटी गा.वि.स.कार्यालयलाई समेत लेखि पठाउने भनि आयोगवाट मिति २०६९/३/२६ मा

निर्णय भएको आयोगको प.सं.१ भुमि४९१/अनु हरि/०९६/७० च.नं.८७ मिति २०६९/४/११ पत्रवाट देखिन्छ सो पत्र यसैसाथ संलग्न रहेको छ।

मालपोत कार्यालय चावहिलवाट प्राप्त स्रेस्ता अनुसार कि.नं.१४३वाट कित्ताकाट भएको कि.नं.४९५ जमुना नेपालको र कि.नं.४९६ नेपाल सरकारको देखिएको छ। तर गो.न.पा.को न्यायीक समितिको मिति २०७६/४/१३ को निर्णयानुसार आयोगवाट रोक्का रहेकोमा सो जग्गा कि.का.भई सरकारी जग्गा छुट्याई नेपाल सरकारको नाउमा कायम गरी सकिएकोले वाँकी रहेको ऐ कि.नं.४९५ को जग्गा सम्मानित आयोगको मिति २०६९/८/१० को पत्रवाट फुकुवा गरेको जानकारी पत्रवाट देखिएको हुँदा प्राप्त पत्रको आधारवाट न्यायीक समितिले रोक्का राखी राख्न नमिल्ने भएको हुँदा मिति २०७६/३/१३ मा रोक्का राखी न्यायीक समितिमा पठाईएको कार्यवाट रोक्का राखी रहनु पर्ने अवस्था विद्यमान नभएको हुँदा फुकुवा गरी सम्वन्धित व्यक्तिलाई जानकारी गराउने निर्णय भएको देखिन्छ। तर गोकर्णेश्वर नगर पालिकाको प.सं.०७६/७७ मिति २०७६/४/१४ को निर्माण कार्य रोक्का फुकुवा गरिएको सम्वन्धमा लेखिएको पत्रमा कि.नं.१४३ वाट कि.का. भएको कि.नं.४९५ र ४९६ को जग्गामा निर्माणाधिन घर रोक्का गरिएकोमा यस न्यायीक समितिमा सहमती भएको हुँदा उक्त संरचना निर्माण गर्न रोकी राख्नु पर्ने कारण नदेखिएकोले आजका मितिवाट उक्त निर्माण कार्य सूचारु गर्नु हुन भनी लेखि निज जमुना नेपाललाई दिएको पत्रवाट देखिन्छ। सो पत्र यसैसाथ संलग्न रहेको छ।

उजुरीमा उल्लेखित जमुना नेपालको जग्गाका सम्वन्धमा सम्मानित पुनरावेदन अदालतको मिति २०७० फाल्गुन २१ गतेको फैसलाको आदेशमा जमुना नेपालका नाममा नापी निर्णय भई नक्सा पूर्जा कायम भइसकेको जग्गा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुर परेको भन्ने आधारमा जग्गावाला नवुझी सार्वजनिक कायम गर्ने निर्णय भएको देखिन्छ। कुनै जग्गाको हकमा सार्वजनिक हो होइन भन्ने यकिन गर्ने अख्तियारी मालपोत ऐन, २०३४ को कानूनी व्यवस्थाले मालपोत कार्यालयलाई रहेको देखिन्छ भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको निर्णय आफुलाई प्राप्त नभएको अधिकार प्रयोग गरी कुनै न्यायिक निकाय वा अर्धन्यायिक निकायले निर्णय गर्दा भने त्यो अ.बं.३५नं. ले बदर भागी हुन्छ भनी आदेशका साथै यी निवेदकलाई सुनवाईको मौका नै नदिई निवेदकको बसिरहेको र निर्माणाधिन घरलाई समेत असर पर्ने गरी एकपटक नापी गोश्वाराले निवेदकको नाममा दर्ता गरिदिएको जग्गालाई सार्वजनिक कायम गर्दा निवेदकलाई नबुझी आफ्नो प्रतिवाद गर्ने मौका समेत नदिई सार्वजनिक कायम गर्ने गरेको विपक्षी मालपोत कार्यालयको मिति २०६९/४/२१ को निर्णय परिपत्र समेतका कार्य कानून सम्मत नदेखिंदा उत्प्रेषणको आदेशद्धारा बदर गरिदिएको छ। अव विवादित जग्गा तथा बनिसकेको घर र निर्माणाधिन घर निवेदकको हो भन्ने यसै अदालतको मिति २०७०/८/२४ को आदेशले भएको नक्सावाट प्रमाणित हुन आएको देखिंदा निवेदकको घर जग्गालाई साविक कि.नं.२६ को जग्गाको नरवढी हो होइन भन्ने समेत फिल्डमा नै गई सार्वजनिक जग्गा घुसे नघुसेको भन्ने यकिन गरी सार्वजनिक जग्गा घुसेको नदेखिएमा निवेदकको जग्गा यथावत कायम गराउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ" भनी

सम्मानित पुनरावेदन अदालत पाटनवाट आदेश भएको देखिन्छ। सम्मानित पुनरावेदन अदालत पाटनको प.सं. ७०/७१ च.नं. २५९४, मिति २०७०/८/२० को पत्रानुसार उक्त जग्गा नापनक्सा गर्न मिति २०७०/८/२४ मा डोर खटाई नापनक्सा गरी पेश गरेको प्रतिवेदन यसैसाथ संलग्न रहेको छ।

सो जग्गाका सम्वन्धमा मालपोत कार्यालयको मिति २०७३/३/२१ को निर्णयमा यसै कार्यालयको मिति २०६९/४/२१ को निर्णयले कि.नं.१४३ को नक्सा र श्रेस्ता दुवैमा सच्याई कि.नं.४९५ मा १०३.३२ ब.मि. जमुना नेपाल कि.नं.४९६ मा १४०.०० ब.मि.नेपाल सरकारको नाममा कायम भै सकेको अवस्थामा पुनः पुनरावेदन अदालत पाटनको परमादेशको आदेश बमोजिम कि.नं.१४३ नै कायम गरी क्षेत्रफल २४३.३२ वर्ग मिटर कायम गर्न साविकको कि.नं.२६ समेतमा नक्सामा नरबढी भएको भन्ने नापीको साविक देखिको हालसम्मको पत्राचार भएको प्रमाण समेतवाट नरवढी जग्गा नदेखिएको, नभएको हुँदा पुनः नापजाँच पछाडीको हाल साविक हुने व्यवस्था अनुसार जग्गा प्रशासन निर्देशिका २०५८ को प्रकरण ४०३ को बुंदा नं.(च) बमोजिम सरकारी वा सार्वजनिक जग्गा घुसाई गरेको देखिएमा सरकारी वा सार्वजनिक जग्गा कटाई कटाएजति जग्गा श्री नेपाल सरकारको नाउमा दर्ता गर्ने ऐ.ऐ. निर्देशिकाको प्रकरण ४०७ को बुँदा नं.(क) बमोजिम मालपोत ऐन २०३४ को दफा २४ बमोजिम दर्ता कारवाही गर्ने, तथा जग्गा प्रशासन कार्यविधि २०६२ को प्रकरण(३.५) को बुँदा नं.(ङ) को प्रावधान अनुसार र भूमि सुधार तथा व्यवस्थापन विभागको च.नं.११३९/३१०८, मिति २०६९/१/२७ को बुँदा नं.३ बमोजिम सरकारी, सार्वजनिक जग्गा व्यक्तिकामा घुसेको भए कटाई पुनः सरकारकै नाममा कायम गर्नुपर्ने प्रावधान हुँदा निवेदिकाको माग बमोजिम ६ नं.नापी गोश्वारावाट मिति २०६०/३/२५ मा निर्णय हुँदा पनि १०३.३२ ब.मि. नै कायम गरेको यस कार्यालयवाट मिति २०६९/४/२१ मा निर्णय गर्दा पनि १०३.३२ ब.मि. नै कायम भएको साविकको कि.नं.२६ को नक्सामा नरबढी पनि नभएको हुँदा साविक श्रोत नै नभएको आधार, कारण र प्रमाणवाट सरकारी जग्गावाट कि.नं.४९५ मा १४०.००ब.मि. कायम गरी थप गर्ने अवस्था नरहंदा निवेदिकाका नाममा हाल कायम भै रहेको उल्लेखित का.जि.जोरपाटी, गा.वि.स.वडा नं.१ सिट नं.१०२१०२९२५ कि.नं.१४३ कि.का. भै कायम कि.नं.४९५ मा कायम रहेको क्षे.फ.१०३.३२ ब.मि.निवेदिका जमुना नेपालका नाममा र कि.नं.४९६ को १४०.००ब.मि. नेपाल सरकारको नाममा यथावत कायम हुने ठहर्छ भनी निर्णय गरेको प्राप्त कागजातवाट देखिन्छ।

गोकर्णेश्वर न.पा.का उपमेयरले सोही न.पा.को बडा नं.४ स्थित सरकारी/सार्वजनिक पर्ति जग्गामा घर बनाएको भन्ने उजुरीका सम्वन्धमा प्राप्त कागजातहरुका अनुसार उपमेयर लगायत १४ जनाले साविक गोकर्णेश्वर गा.वि.स. वडा नं.१ख को कि.नं.३८ मा १२ घरधुरी र कि.नं.११ मा २ घरधुरी गरी जम्मा १४ घरधुरी तत्कालिन गाउँ पञ्चायत ऐन २०१८ परिच्छेद ४ को दफा १३ उपदफा २ को स्पष्टिकरणमा वस्ती वसाल्ने भन्ने उल्लेख भए अनुरुप बसोबास गर्न दिनका लागि २०२२ साल देखि रु.६२।५० देखि रु.२००/- सम्म शुल्क लिई घर घडेरी दिई बसोबास गर्दै

आइरहेको र तत्कालिन गाउँ पञ्चायतलाई घर घडेरी वापत शुल्क बुझाई वस्ती वसाएको र निजहरुले समय समयमा घरधुरी कर तिरी आएको र सोही घरको आधारमा धारा, विजुली, नागरिकता, टेलिफोन, मतदाता परिचय पत्र, भुकम्प पिडित कार्ड, विभिन्न सिफारिस लगायत श्री सहयोगी उच्च मा.वि.को व्यवस्थापन समितिको वैठकवाट भएको निर्णयानुसार वस्ती क्षेत्र छुट्याइनुका साथै उच्चस्तरीय पार्क एवं निजामती पार्क निर्माण आयोजना पार्क निर्माण कार्यदल सम्पादन समिति यज्ञडोल (जगडोल) सामुदायिक वन गोकर्ण-१, काठमाडौ गुरु योजना बमोजिम ६२९ रोपनीको नक्सा नेपाल सरकार मन्त्री परिषद्को मिति २०६४/२/११ को निर्णय नं.१ अनुसार स्वीकृत वन कार्ययोजनामा उल्लेख भए अनुसार विभाजनको बुँदा नं.४ मा बसोबास गर्दै आएका समुदायहरुलाई ७ रोपनी जग्गा छुट्याईएको भन्ने समेत प्राप्त कागजातवाट देखिन्छ।यस सम्वन्धमा उक्त १४ जनाले बसोबास गरी रहेको घर घडेरीको ज.ध. प्रमाण पुर्जा पाउनको लागि कारवाही चलाइ रहेको भन्ने समेत वुझिन आएको छ।

## ३. निष्कर्ष:

१) जमुना नेपालका नाममा नापी निर्णय भई नक्सा पूर्जा कायम भइसकेको जग्गा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुर परेको भन्ने आधारमा आयोगले जग्गावालासंग नवुझी सार्वजनिक कायम गर्ने भएको निर्णय र मालपोत कार्यालयको मिति २०६९/४/२१ को निर्णय परिपत्र समेतका कार्य कानून सम्मत नदेखिएको भनी सम्मानित पुनरावेदन अदालत पाटनको मिति २०७० फागुन २१ को उत्प्रेषणको आदेशद्वारा बदर गरिएको देखिन्छ । उक्त परमादेशमा "विवादित जग्गा तथा बनिसकेको घर र निर्माणाधिन घर निवेदकको हो भन्ने सम्मानित पुनरावेदन अदालत पाटन ललितपुरको मिति २०७०/८/२४ को आदेशले भएको नक्सावाट प्रमाणित हुन आएको देखिंदा निवेदकको घर जग्गालाई साविक कि.नं.२६ को जग्गाको नरवढी हो होइन भन्ने समेत फिल्डमा नै गई सार्वजनिक जग्गा घुसे नघुसेको भन्ने यकिन गरी सार्वजनिक जग्गा घुसेको नदेखिएमा निवेदकको जग्गा यथावत कायम गराउनु भनी परमादेश भएकोमा मालपोत कार्यालय चावहिलको मिति २०७३/३/२१ को निर्णयले साविकको कि.नं.२६ को नक्सामा नरबढी पनि नभएको हुँदा साविक श्रोत नै नभएको आधार, कारण र प्रमाणवाट सरकारी जग्गावाट कि.नं.४९५ मा १४०.००ब.मि. कायम गरी थप गर्ने अवस्था नरहंदा निवेदिकाका नाममा हाल कायम भै रहेको उल्लेखित का.जि.जोरपाटी, गा.वि.स.वडा नं.१ सिट नं.१०२१०२९२५ कि.नं.१४३ कि.का. भै कायम कि.नं.४९५ मा कायम रहेको क्षे.फ.१०३.३२ ब.मि.निवेदिका जमुना नेपालका नाममा र कि.नं.४९६ को १४०.००ब.मि. नेपाल सरकारको नाममा यथावत कायम हुने ठहर्छ भनी निर्णय भएको देखिंदा सार्वजनिक जग्गा घुसे नघुसेको एकिन गर्ने कार्य सम्वन्धित नापी कार्यालय र मालपोत कार्यालयका साथै स्थानीय तह समेतवाट एकिन हुन आवश्यक देखिन गएको छ।

तर मालपोत कार्यालय चावहिलको मिति २०७३/३/२१ को निर्णय विरुद्ध जमुना नेपालको उच्च अदालत पाटनमा पुनरावेदन परेको भनी उच्च अदालत पाटनको प.सं.०७४/७५

च.नं.४१७६, मिति २०७४/९/१६ को शुरु तथा प्रमाण मिसिल पठाई दिने सम्वन्धमा विषयको पत्र मालपोत कार्यालय चावहिललाई प्रेषित गरे अनुसार उक्त मालपोत कार्यालयको प.सं. ०७६/७७/मुद्दा च.नं.१५४६, मिति २०७६/७/१ को पत्रानुसार जमुना नेपालको जग्गा सम्वन्धी सम्पूर्ण कागजातहरु सहितको मिसिल यस कार्यालयको प.सं.०७४/७५ च.नं. ३२७८, मिति २०७४/१०/१४ को पत्रवाट सम्मानित उच्च अदालत पाटनमा पठाईएको भन्ने जानकारी समेत पत्रवाट प्राप्त हुन आएको छ।

२) उपमेयर शान्ती नेपालले सरकारी सार्वजनिक/पर्ति जग्गामा घर वनाएको भन्ने उजुरीका सम्वन्धमा टोलीले छानविन गर्दा निज लगायत १४ घर धुरीले तत्कालिन गाउँ पंचायन ऐन २०१८ परिच्छेद ४ को दफा १३ उपदफा २ को स्पष्टीकरणमा वस्ती वसाल्ने भन्ने उल्लेख भए अनुरुप मिति २०२२ साल देखि शुल्क लिई घर घडेरी दिई बसोवास गर्दै आईरहेको प्राप्त कागजातवाट देखिन आएको छ।यस सम्वन्धमा यज्ञडोल(जगडोल) सामुदायिक बन उपभोक्ता समितिको मिति २०६४/६/७ को पत्र, श्री सहयोगी मा.वि.को मिति २०५१/७/१२ को विद्यालय व्यवस्थापन समितिको निर्णय, गोकर्णेश्वर महादेवस्थानको मुक्ति मण्डल गोकर्णेश्वर महादेवको गुरुयोजनाको ०५८/५९ को प्रतिवेदनमा समेत उक्त १४ घरधुरी बसोवास स्थानलाई छोडी मास्टर प्लान गरिएको प्राप्त कागजातवाट देखिन्छ र राष्ट्रिय शहिद तथा शान्ति पार्क स्मारकको सूचनामा समेत उक्त १४ घर धुरीलाई जग्गा छुट्याई बाँकी जग्गामा मात्र स्मारक वनाउने भनी उल्लेख भएको देखिन्छ।यस तथ्यलाई हेर्दा उजुरीमा उल्लेख भएको व्यहोरा तथ्यपुर्ण तथा सत्यता देखिएन।

## ४. सुझावः

१. यसर्थ, उजूरीमा परेका जमुना नेपालको जग्गाका सम्बन्धमा मालपोत कार्यालयको मिति २०७३।३।२१ को निर्णय विरूद्ध जमा नेपालबाट उच्च अदालत पाटनमा पुनरावेदन परी सम्मानित अदालतबाट विचारधीन अवस्थामा रहेको विषय उपर केन्द्रबाट थप कारवाही गरी रहनु आवश्यक नदेखिएको ।

२. मिति २०७६।४।२७ को उजूरीको सम्बन्धमा कानून विपरीत भएको देखिन नआएकोले उजूरी तामेलीमा राखी लगत कट्टा गर्न उचित देखिन्छ ।

## ५. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।११।१२ को निर्णयः

गोकर्णेश्वर नगरपालिकाका उपमेयरले सार्वजनिक जग्गामा घर बनाउन स्वीकृति दिएको भन्ने व्यहोराको उजुरीको छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा प्रस्तुत उजुरीको विषय उच्च अदालत पाटनमा विचाराधीन रहेको भन्ने छानविन प्रतिवेदन मार्फत जानकारी प्राप्त भएकोले केन्द्रबाट थप छानविन गरिरहन नपर्ने देखिएकोले उक्त उजुरी तामेलीमा राखी लगत कट्टा गर्ने निर्णय गरियो ।